आ.व. २०८०।०८१  
बैठक:- नगर कार्यपालिका बैठक  
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं ०८।०८०।०८१  
मिति:-२०८०।११।२९ गते  
स्थान:- ता.न.पा मिनिहल  
समय:- बिहान ८ .०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा ११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री बाबुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा ९ | सदस्य |
| | श्री हिमलाल पगेनी | वडा अध्यक्ष | ता.न.पा १० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टंकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री सजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री दुर्गा बहादुर थापा | नि.प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री गिता भट्टराई | का.वा. वडा अध्यक्ष | वडा नं. १३ | |
| श्री मान बहादुर कार्की | का.वा. वडा अध्यक्ष | वडा नं. ५ | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

तानसेन नगरपालिकामा गत विगतमा विश्व बैंकको सहयोगमा UGDP परियोजना अन्तर्गत अमरनारायण मन्दिर, हाल ६ नं. वडा कार्यालय रहेको मल्टी प्रपोज बिल्डिङ्ग, बसपार्क मिशन सडक, लगायतका योजनाहरुको लागि नगर विकास कोष (TDF) को ऋण सहयोगमा कार्यसम्पन्न गरेको र उक्त योजनाहरुको नियमित साँवा व्याज भुक्तानी दिदै आएकोमा यस आ.व मा तानसेन नगरपालिकाबाट भुक्तानीको लागि क्षेत्रगत बजेट बाँडफाँड अन्तर्गत वित्तिय व्यवस्थापन शिर्षकमा रु. ४०,०००००। (चालिस लाख मात्र) विनियोजन भएको र नगर विकास कोष (TDF) बाट रु. ८०,०००००। (असी लाख मात्र) माग भई आएकोले भुक्तानी दिन बाँकी साँवा व्याज रकम रु. ४०,०००००। (चालिस लाख मात्र) समेत ८०,०००००। (असी लाख मात्र) ता.न.पाको संचित कोषबाट सम्वन्धीत शिर्षकमा स्थानान्तरण गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

तानसेन नगरपालिका वडा नं. ६ स्थित श्री सेन माध्यामिक विद्यालयको पूर्वाधार निर्माण गर्नका लागि विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको र उक्त विद्यालयलाई पूर्वाधार निर्माण गर्न आवश्यकता रहेको साथै नगरपालिकामा श्रोतको अभाव भएको हुँदा विद्यालयको पूर्वाधार निर्माण गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय दुतावासमा सहयोग मागका लागि सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. ३

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०८०।११।१४ च.नं. ३६४ को प्राप्त पत्रबाट थप बजेट उपलब्ध गराईएको सम्वन्धमा नेपाल सरकारले साबिकमा तोकेको अदक्ष कामदारको न्यूनतम दैनिक ज्याला दर रु. ५७७ बाट बृद्धि गरी राजपत्रमा समेत सूचना प्रकाशित भएकोले हाल कायम भएको अदक्ष कामदारको न्यूनतम दैनिक ज्याला दर रु.६६८। बमोजिम न.पा.को बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने र थप बजेट रु ३,३८,०००। ६(छ) जना श्रमीकको लागि हुनेगरी प्राप्त भएको हुँदा उक्त बजेट बाँडफाड गर्ने अख्तियारी नगर प्रमुखलाई दिने निर्णय गरियो ।

निर्णय नं. ४

तानसेन नगरपालिकाबाट संचालन भएको देहायका कार्यहरुको लागि शिर्षक मिलान तथा नपुग रकम थप गरी भुक्तानी दिने निर्णय गरियो ।

क कार्यालय संचालन, वडा पदाधिकारी कर्मचारी र विभिन्न समितिको बैठकहरु समेत रु. १६ लाख मात्र ।

ख अन्य कार्यालय संचालन रु.१५ लाख

ग कृषि रोजगार, पर्यटन, उद्योग र व्यापार तानसेन महोत्सव २०८० मेला रु.१५ लाख

घ विविध शिर्षकमा खर्च रु. २० लाख

ङ राष्ट्रपति रनिङ्गशिल्ड बढी भएको खर्च रु ६७,७७२। (शिक्षा)

च मेयरकप रनिङ्गशिल्ड बढी खर्च रु. २,०३६८०। (शिक्षा)

निर्णय नं. ५

तानसेन नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिबाट चालु आ.व.२०८०/०८१ को यस अवधिसम्म निर्माणाधीन र सम्पन्न योजनाहरुको अनुगमन भएकोमा बैठकमा जानकारी भई योजनाको लक्ष्य उपर हालसम्मको प्रगतिको अवस्थाको बारेमा छलफल भयो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. ६

तानसेन नगरपालिका वडा नं. ५ मा रहेको साँस्कृतिक डबली संचालन गर्न सरसफाई, फूल सपण तथा २४ घण्टा सुरक्षा दिनेगरी अर्को व्यवस्था नभएसम्म छोटो अवधीका लागि दैनिक ज्यालादारीमा १ (एक) जना चौकीदार नियुक्ति गरी काममा लगाउने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेन नगरपालिकाको चालु आ.व.०८०।०८१ को हालसम्मको आय रु.५०,४५,०४,०५५। र व्यय रु.३७,३२,००,१६२। विवरण पारित गरि सार्वजनिकीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

तानसेन नगरपालिकाको आयोजनामा मिति २०८० फाल्गुण १९ गतेदेखि २०८० फाल्गुण २९ गतेसम्म कृषि, रोजगार, पर्यटन उद्योग र व्यापार तानसेन महोत्सव २०८० संचालन भएकोमा मिति २०८० चैत्र १ गतेसम्म २(दुई) दिन थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

बौघापोखराथोक स्वास्थ्य चौकिमा कार्यरत जनस्वास्थ्य निरीक्षक सुमन बरालले श्रीमतीको उपचारका लागि देश बाहिर लैजान परेकोले कार्यालयमा नियमित उपस्थिति हुन नसक्ने अवस्था भएकोले मिति २०८० चैत्र १५ गते देखि १ वर्षका लागि बेतलबी असाधारण बिदाको लागि बिभागीय पूर्व स्वीकृत माग गर्नुभएकोमा नियमानुसार हुनेगरी स्वीकृतका लागि स्वास्थ्य मन्त्रालय र मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय लुम्बिनी प्रदेशमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

निर्णय नं. १०

तानसेन नगरपालिकाको सहयोग तथा जिल्ला प्रशासन कार्यालय पाल्पाको समन्वयमा जातीय बिभेद विरुद्धको सचेतना मुलक कार्यक्रम संचालन गर्नका लागि ता.न.पा को प्रवर्दनात्मक कार्यक्रम अन्तर्गत लैंगिक उत्तरदायित्व तथा लक्षित वर्ग क्षमता विकास कार्यक्रम शिर्षकबाट रु ३०,०००। अनुदान सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

Smart pole project of 2024 K- city network global cooperation programme को लागि यस नगरपालिकाको तर्फबाट KAIAसंग Letter of intent (LOI) गर्नेगरी पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

तानसेन नगरपालिकाको आ.व. २०७९।०८० मा बोलपत्र नं. TM/PLP/W/NCB/16/2079-080 को फयाग स्टोन बिछ्याउने कार्य (दरबार सडक शित्तलपाटी क्षेत्र) तानसेन ३ र ४ पाल्पा कार्यको लागि मिति २०८०।०३।१९ गते यस कार्यालय र ए.बि. बिल्डर्स ग्रुप एण्ड सप्लायर्स काठमाडौं, नेपाल बिच सम्झौता भई निर्माण कार्य भैरहेकोमा, उक्त आयोजनामा पर्ने दरबार गेट अगाडी बर्षातको पानी फाल्ने ग्रिल समेतको सडक क्रस गर्ने नाली सामाजिक विवादका कारण नालीको लम्बाई अति नै बढ्न गई त्यस ठाउँमा प्रयोग हुने फलामे छड र ग्रिल आइटम सम्झौताको परिमाणमा थप गर्नुपर्ने भई पेश भएको संशोधित लागत अनुमान स्वीकृत गर्ने निर्णय गरीयो ।

निर्णय नं. १३

तानसेन नगरपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नविनतम् उपाय एवं ढाचा तथा विधिहरुको विकास गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवस्यक सुझाव दिन रोजगारीको हक सम्बन्धी नियमावली २०७५, नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र स्थानीय सरकार संचालन ऐन

२०७४ बमोजिम निर्माण भएको तानसेन नगरपालिकाको रोजगार सम्वाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशको सहयोग र राष्ट्रिय अपाङ्ग महासंघ लुम्बिनी प्रदेशको आयोजनामा संचालन हुने ४५ दिनको सांकेतिक भाषा (दोभाषे) तालिममा तानसेन नगरपालिकाको तर्फबाट कर्मचारी शान्ता के.सी.लाई सहभागी गराउने निर्णय गरियो ।

निर्णय नं. १५

तानसेन नगरपालिकामा चालु आ.व. २०८० ०८१ को लागि नव प्रवर्तनमा आधारित आर्थिक विकास कार्यक्रमको बारेमा बैठकमा जानकारी भयो । यस सम्वन्धमा कार्यक्रमलाई तत्काल कार्यान्वयन गर्ने गरी निम्नानुसारका कार्यहरु अगाडि बढाउने निर्णय गरियो ।

क) स्थानीय आर्थिक विकास प्रवर्द्धन समितिमा निम्नानुसार सदस्यहरु मनोनयन गर्ने

- ✓ व्यापारीको तर्फबाट पाल्पा उद्योग वाणिज्य संघको अध्यक्ष शैलेन्द्र भट्टराई ।
- ✓ उद्यमी हरि रायमाझी
- ✓ स्थानीय सहकारीको तर्फबाट नवयुग सहकारीका महेश्वर ~~श्रेष्ठ~~ पन्त
- ✓ बैंकको तर्फबाट नेपाल बैंक पाल्पा शाखाको म्यानेजर

ख) प्राविधिक समितिमा निम्नानुसारका सदस्यहरु मनोनयन गर्ने ।

- ✓ पाल्पा व्यापार संघको अध्यक्ष वामदेव वस्याल
- ✓ क्रियाशिल उद्यमी -भुनु कुमारी राना
- ✓ विषय विज्ञ- महेश भट्टराई
- ✓ ईन्जिनीयर- शिव शर्मा

- स्थानीय आर्थिक विकास शाखाको तर्फबाट नवप्रवर्द्धन सम्वन्धी कार्यक्रममा काम गर्न योजना शाखा प्रमुख वरिष्ठ अधिकृत श्री दुर्गा बहादुर थापालाई सम्पर्क व्यक्ति (फोकल पर्सन) को रुपमा जिम्मेवारी प्रदान गर्ने । साथै यस कार्यमा तोकीएको कार्यदलका कर्मचारी र सामाजिक विकास शाखा प्रमुखलाई समिति र कार्यदलमा आवश्यकता अनुसार सहयोग लिनेगरी परिचालन गर्ने ।
- कार्यक्रम कार्यान्वयनको लागि नव प्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि २०८० को अनुसूची ७ को परियोजना सूची र अनुसूची १० को सीप विकास सम्वन्धी विषय देहाय बमोजिम प्राथमिकता निर्धारण गर्ने ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख